# सिम्रौनगढको कर्णाटक राज्य

अच्युत अधिकारी
सरस्वती बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय

**लेखसार**

नेपालको इतिहासमा करिब २२९-३० वर्षजति लामो समय एउटा स्वतन्त्र अस्तित्व बोकेर रहेको राज्य थियो सिम्रौनगढको कर्णाटक वा तिरहुत अर्थात् डोय राज्य । पूर्वमध्यकालमा नेपाल तीन राज्यमा विभाजित थियो, काठमाडौं उपत्यकाको मल्ल राज्य, कर्णाली प्रदेशको खस राज्य र तिरहुत र सिम्रौनगढमा स्थापित कर्णाटक राज्य । प्रस्तुत लेखमा यसैमध्येको वर्तमान बारा जिल्लास्थित तराईको फाँटमा अवस्थित एक ऐतिहासिक गढीका बारेमा सङ्क्षिप्त अध्ययन गरिएको छ । सिम्रौनढ राज्य कसरी बन्यो ? कसले बनाए ? कहाँ थियो ? र कसरी अन्त्य भयो भन्ने कुरालाई यस लेखले समेटेको छ । त्यस बेलाका शासकहरूले आफ्नो राज्यको सुरक्षा प्रणाली बलियो बनाउनका लागि र प्रतिरक्षा प्रणाली बलियो बनाउनका लागि विभिन्न किसिमका गढी र किल्लाहरू निर्माण गरेको प्रशस्तै इतिहासहरू पाइन्छ । यस्ता किल्लाहरू जङ्गलको बिच, पहाडको टुप्पो र अन्य भौगोलिक अवस्थितिहरूमा निर्माण गरिन्थे । वनभित्र बनेको गढलाई 'वनगढ' वा 'वनदुर्ग' भनिन्थ्यो । 'सिमराको वनभित्र रहेको गढ' अर्थात् 'सिमरावनगढ' हुँदै "सिम्रौनगढ" हुन पुगेको निष्कर्ष सबैजसो इतिहासकारहरूले राखेको देखिन्छ । सिम्रौनगढ वरपरको सम्पूर्ण क्षेत्र त्यतिबेला तिरहुतको नामले प्रसिद्ध थियो । तत्कालीन प्रमाणहरूमा यो क्षेत्रलाई 'डोयराज्य' भनिएको पाइन्छ । तिरहुतमा स्थापित कर्णाटक राज्य नान्यदेवले वि.सं. ११५४ (ई.सं. १०९७) मा स्थापना गरेका थिए । यो राज्य वि .स.१३८३ (ई.सं. १३२६) मा विघटन हुनपुग्यो । दक्षिण भारतको कर्णाटक क्षेत्रबाट आएका व्यक्ति नै नान्यदेव थिए । चालुक्यले उत्तरी भारततर्फ सीमा विस्तार गर्ने क्रममा सिम्रौनगढमा तैनाथ भएका नान्यदेवले यसै क्षेत्रलाई केन्दविन्दु र राजधानी बनाएर सिम्रौनगढ राज्य बनाएका थिए । नान्यदेवपछि क्रमशः गङ्गादेव, नरसिंहदेव, रामसिंहदेव, शक्तिसिंहदेव, भुपालसिंहदेव र हरिसिंहदेव गरी जम्मा सातजना राजा भए र अन्तिम राजा हरिसिंहदेव बन्न पुगे । हरिसिंहदेवको मृत्युपछि यो राज्यको अस्तित्व सकियो, जसलाई दिल्लीका मुसलमानी सम्राट गयासुद्दीन तुगलकले ध्वस्त बनाए । नेपालको इतिहासमा महत्वपूर्ण विषय बनेर रहेको सिम्रौनगढका बारेमा पाइएका केही तथ्यगत विषयवस्तुहरूलाई नै यस लेखमा प्रस्तुत गरिएको छ ।

*शब्दकुञ्जी :* नेपाल मण्डल, वनदुर्ग, चालुक्य, तिरहुत, म्लेछ, डोय, अनुरागी, आक्रान्त, लब्धप्रशमन, चातुर्दिक, विजिगीषु, द्रम्भ, स्वबखान, प्रताडना, डोयमाजु ।

## विषय परिचय

लिच्छविकालको नेपाल पूर्वमा आसामदेखि पश्चिममा कुमाऊसम्म फैलिएको थियो । मध्यकालको सुरुदेखि नै नेपालमण्डल अन्तर्गत अनेक विषय अर्थात् जिल्लाहरू अस्तित्वमा आइसकेका थिए । नेपाल राज्य टुक्रने क्रम अगाडि बढिरहेकै थियो । यसैताका अर्थात् १०९७ ईस्वीमा कर्नाटवंशी नान्यदेवले नेपालको दक्षिणी भागमा पर्ने मिथिला प्रदेशको तिरहुतमाथि आक्रमण गरी विनारक्तपात अधिकार जमाएको पाइन्छ । यसको केही समयपछि नागराजले कर्णाली प्रदेशमा खस राज्य बनाएका थिए । यसरी स्थापित हुने र टुक्रिने राज्यहरूको सङ्ख्या क्रमशः बढ्दै गयो । सिम्रौनगढ वा कर्णाटक राज्य नेपालको तराई फाँटमा वर्तमान बारा जिल्लाअन्तर्गतको क्षेत्रमा ई. १०९७ मा राजा नान्यदेवले स्थापित गरेका थिए । यस राज्यको राजधानी सिम्रौनगढ थियो । 'गढ' वा 'गढी' निर्माण भएपछि मात्र यस ठाउँको नाममा 'गढ' वा 'गढी' जोडिन पुगेको देखिन्छ । वास्तवमा गोपालराज वंशावलीअनुसार 'सिमरा वनको गढ' बाट "सिम्रौनगढ" भएको भन्ने तथ्य अगाडि आएको छ । 'सिमरावनगढ' बाट अपभ्रंस भई "सिम्रौनगढ" बन्न गएको तथ्य मिल्न आउने देखिन्छ । पेटेक नामक विद्वान्ले भनेअनुसार भारत र नेपालको सीमानामा रहेको गढ नै हालको सिम्रौनगढ हो भन्ने तथ्य पनि पाइन्छ । एकजना विद्वान्ले सिमलको रूख धेरै हुने भएकोले 'सिमलावनगढ' हुँदै अपभ्रंश भई "सिम्रौनगढ" भएको समेत भनेका

छन् । जे होस् यसरी निर्माण भएको सिम्रौनगढ राज्य धेरै लामो समयसम्म चाहिँ अगाडि बढ्न सकेन । नान्यदेवको सातौं पुस्तासम्म मात्र यो राज्य अस्तित्वमा र्‍यो र हरिसिंहदेवको समयकाल पछि यो राज्य समाप्त भयो । कन्नड भाषा र हैदरावादको क्षेत्रलाई त्यतिखेर कर्णाटक देश मानिन्थ्यो । यस सिम्रौनगढ राज्यमा बारा, रौतहट, सर्लाही, महोत्तरी र मोरङ तथा भारतको दरभङ्गा, मुजफ्फरपुर, चम्पारन, मधुवनी र पूर्णिया पर्दथे । एघारौँ शताब्दीमा दक्षिण भारतमा चालुक्य वंशीय सोमेश्वर र उनका छोरा विक्रमादित्य छैठौँले ठुलो राज्य खडा गरे, अनि नान्यदेवलाई उनीहरूले नै सेनानायक शासकका रूपमा पठाएकोमा उनले आफूलाई राजा पछि राजा नै घोषित गरी राज्य गरेको देखिन्छ । सिम्रौनगढको राज्य १४ कोश क्षेत्रफलमा फैलिएको थियो । उपत्यकावासीहरूले कर्णाटकवंशीलाई 'डोयराज्य' भनी संबोधन गर्दथे । सन् १० ९७-१३२६ सम्म नान्यदेव र उनका उत्तराधिकारीहरूले सिम्रौनगढलाई राजधानी बनाएर निरन्तर शासन गरेको देखिन्छ । कन्नडी भाषामा 'नान्य' को अर्थ 'प्रिय' हुन्छ । तिरहुत राज्यमा कर्णाटवंशको राज्य स्थापना गर्ने व्यक्ति नान्यदेव नै थिए । तसर्थ यिनलाई कर्णाटवंशको संस्थापक मान्न सकिन्छ । प्रस्तुत लेखमा सिम्रौनगढको कर्णाटकवंशीय राज्यका बारेमा सङ्क्षेपमा व्याख्या गरिएको छ ।

## अध्ययनको समस्या

सिम्रौनगढको कर्णाटक रज्यका बारेमा गरिएको नामकरणको सन्दर्भमा विभिन्न विद्वानूहरूका आआफ्नै मतहरू भेटिएका छन् तैपनि यो राज्यको उपस्थितिचाहिँ इतिहासमा वेजोड रूपमा देखिएको छ । यस राज्यको वर्तमान अवस्थितिलाई हेर्दा त्यहाँ पाइएका गढीको भग्नावशेष र त्यतिखेरका कलाकृतिहरूले यस तथ्यलाई प्रामाणिक छन् । प्रस्तुत लेख सिम्रौनगढको कर्णाटक राज्यसँग सम्बन्धित छ । प्राप्त हुन आएका प्रामाणिक तथ्यगत आधारहरू हेर्दा सिम्रौनगढ राज्यको निर्माण र अन्त्यको प्रसङ्गमा केही समस्याहरू रहेको देखियो । यी समस्याहरूलाई केलाउनका लागि बृहत् अनुसन्धानको खाँचो रहेको तथ्य लेखकको बुझाई छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनको उद्देश्य निम्नानुसार रहेको छ :

(१) सिम्रौनगढ राज्यका बारेमा विश्लेषण गर्ने,
(२) सिम्रौनगढको कर्णाटक राज्यको प्रभावका बारेमा व्याख्या गर्ने ।

## अध्ययनको विधि

प्रस्तुत अध्ययन गुणात्मक विधिमा आधारित छ । इतिहासको अध्ययनमा विषयवस्तुको व्याख्यामा अधिक ध्यान दिइने हुनाले यो व्याख्यात्मक प्रकृतिको बन्न पुगेको छ । पुस्तकालयीय द्वितीयक स्रोत र अध्ययन सामग्रीहरूको यसमा प्रयोग गरिएको छ । अध्ययनमा सहयोग पुग्ने थुप्रै साहित्यिक सामग्रीहरू सङ्ग्रह गरी अध्ययन गरिएको छ । यसमा एपिए पद्धतिको अवलम्बन गरिएको छ ।

## सिम्रौनगढको कर्णाटक राज्यको स्थापना

पूर्वमध्यकालमा नेपाल उपत्यकाको मल्ल राज्य कर्णाली प्रदेशको खस मल्ल राज्य र सिम्रौनगढको कर्णाटक राज्य गरी तीनवटा राज्यमा बाँडिएको थियो । हर्षदेवको राज्यकालसम्म आइपुग्दा नपुग्दै नेपाल राज्यको टुक्रने क्रम सुरु हुनथाल्यो । यसैताका अर्थात् १०९७ ईस्वीमा कर्नाटवंशी नान्यदेवले दक्षिणी भागमा पर्ने मिथिला प्रदेशको तिरहुतमाथि आक्रमण गरी विना रक्तपात अधिकार जमाएथे (खनाल, २०५६ : ३७-५२) ।

तिरहुतको कर्णाटक राज्य तराईको मिथिला क्षेत्रमा फैलिएको थियो । कन्नड भाषा बोलिने मैसुर र हैदरावादको क्षेत्रलाई कर्णाटक देश भनिन्थ्यो । एघारौँ शताब्दीको मध्यतिर यस क्षेत्रका कल्याणीका चालुक्य राजा सोमेश्वर प्रथम र विक्रमादित्य चौंथोले उत्तर भारतमा अनेक पटक आक्रमण गरे । यिनै आक्रमणको सफलताका क्रममा चालुक्य

सेनले वङ्गालमा सेनवंश र नेपालको मिथिला प्रदेशमा तिरहुतको कर्णाटक राज्यको स्थापना गरेका थिए । नान्यदेव चालुक्य राजाका सेनापति थिए । कन्नडी भाषामा 'नान्य' को अर्थ 'प्रिय' हुन्छ । यिनलाई नै तिरहुतमा कर्णाटकवंशको संस्थापक मानिन्छ । यिनलाई डोय नान्यदेव पनि भनिन्छ (उपाध्याय, २०७४ : १२२) ।

सिम्रौनगढ नारायणी अञ्चलको बारा जिल्लामा पर्दछ । यसको प्राचीन नाम सिमरावनगढ थियो । त्यसबेला ठुला वस्ती भएका सबै क्षेत्रहरू सुरक्षाको दृष्टिकोणले गढ (किल्ला) का रूपमा परिणत गरिएका हुन्थे । यस्ता किल्लाहरू जङ्गलको बिचमा समेत बनेका हुन्थे । वनभित्र बनेका गढलाई 'वनगढ' वा 'वनदुर्ग' भनिन्थ्यो । जुन ठाउँको वनमा सो गढ बनेको हुन्थ्यो त्यही नाम विशेष प्रचलित हुन्थ्यो । सिमराको वनमा रहेको गढरूपको वस्ती भएकोले नै 'सिमरा-वनगढ' भनिएको हो । यही शब्द पछि अपभ्रंश भई सिम्रौनगढ भएको हो । सिम्रौनगढ वरपरको सम्पूर्ण क्षेत्र त्यसबेला तिरहुतको नामले प्रसिद्ध थियो । काठमाडौं उपत्यकाका तत्कालीक प्रमाणहरूमा भने यो क्षेत्रलाई 'डोयराज्य' भनिएको पाइन्छ । पश्चिमको खस राज्यको स्थापना भएताका नै दक्षिण र पूर्वी तराई भेक समेटेर कर्णाटवंशको डोय (तिरहुते) राज्य खडा भएको पाइन्छ । यसको राजधानी सिम्रौनगढ (सिमरावनगढ) अर्थात् सिमरामा थियो । तिरहुतमा स्थापित कर्णाटक राज्य नान्यदेवले वि.सं. ११५४ (ई.सं. १०९७) मा स्थापना गरेका थिए । यो स्वतन्त्र राज्यको अस्तित्व करिब २२९ वर्षजति रऱ्यो र वि.सं. १३८३ (ई.सं. १३२६) मा विघटन हुन गयो । यस राज्यमा शासन गर्ने प्रमुख शासकहरू नान्यदेव र हरिसिंहदेव थिए (सूचना तथा प्रसारण विभाग, २०७६ : ६६-६७) ।

गोपालराज वंशावलीअनुसार यसको प्राचीन नाम 'सिमरावन' को । यस ठाउँमा गढ निर्माण गरिएपछि यसलाई 'सिमरावनगढ' भन्न थालियो । यसको अपभ्रंश हुँदै कालान्तरमा यसलाई सिम्रौनगढ भन्न थालिएको देखिन्छ (वज्राचार्य र मल्ल, १९८५ : ४६) । अठारौँ शताब्दीमा यसलाई सिमरावनगढ भन्ने गरिन्थ्यो (पेटेक, १९८४ : १३) । यस क्षेत्रमा सिमलको रूख ज्यादा हुने गरेकोले यसलाई 'सिमलावनगढ' भनिने गरिएको र पछि यस क्षेत्रमा किल्ला वा गढ बनाइएकोले 'सिमलावनग' भन्न थालिएको थियो र यसैको अपभ्रंस भएर पछि "सिम्रौनगढ" भन्न थालिएको हो (त्रिपाठी, २०५४ : ६) ।

सिम्रौनगढ राज्यअन्तर्गत बारा, रौतहट, सर्लाही, महोत्तरी, सप्तरी र मोरङ जिल्लाको भूभागहरूका साथै भारतको दरभङ्गा, मुजफ्फरपुर, चम्पारन, मधुवनी र पूर्णिया जिल्लाका भूभागहरू समेत पर्दथे (शर्मा, १९५६ : २) । तिरहुतको संस्कृत नाम मिथिला थियो । जे होस् तिरहुत राज्य मिथिला क्षेत्रमा नै पर्दथ्यो । सिम्रौनगढको राजधानी क्षेत्र करिब १४ कोश क्षेत्रफलमा रहेको जनश्रूतिहरू पाइन्छन् । एघारौँ शताब्दीमा दक्षिण भारतका चालुक्यवंशीय सोमेश्वर र उनका छोरा विक्रमादित्य छैठौंले उत्तर भारतको ठुलो भूभागमा कब्जा जमाएका थिए । यसैताका कर्णाटक वंशका चालुक्य शासनका सेनापति नान्यदेवलाई यस क्षेत्रका शासक नियुक्त गरिएको थियो तर सेनानायक शासकका रूपमा आएका नान्यदेवले तिरहुत क्षेत्रलाई स्वतन्त्र घोषित गरी त्यस क्षेत्रको राजा आफै भएको देखिन्छ (क्षेत्री र रायमाझी, २०६० : २०७) ।
नान्यदेव : नान्यदेवको उपाधि 'कर्णाटकुलभुषण' रहेबाट यिनी कर्णाटवंशी भएको कुरा प्रष्ट हुन्छ । यसताका नेपाल उपत्यकामा आक्रमण गरी यहाँको राजकाजमा हात हालिरहने 'डोय' भन्ने एकथरिको उल्लेख गोपालराज वंशावलीमा धेरै ठाउँमा आउँछ । उपत्यकावासीले त्यसताकाको कर्णाटवंशीलाई डोय भनेर संबोधन गरेको पाइन्छ (वज्राचार्य, २०२१ : २०-२१) । नान्यदेवले सिम्रौनगढमा राज्य गरेको कुरालाई प्रायः सबै इतिहासकारहरूले मानेका छन् । सन् १०९७ देखि १३२६ सम्म नान्यदेवले र उनका उत्तराधिकारीहरूले सिम्रौनगढलाई राजधानी बनाएर निरन्तर शासन गरेको देखिन्छ । यी नान्यदेवले उपत्यकाको मल्ल राज्यमा कहिल्यै पनि प्रवेश गरेको देखिन्न । यिनको समयमा डोय फौजले मात्रै नेपाल उपत्यकामा आक्रमण गर्दा डोयहरू काटिएको कुरा इतिहासकारहरूले लेखेको पाइन्छ । वंशावलीहरूमा कर्णाटकवंशी डोयहरूले नेपाल उपत्यकामा पटक पटक आक्रमण गरेको कुरा लेखिएको छ । सिम्रौनगढको इतिहासमा नान्यदेव अनेकौं उपाधिले विभुषित राजाका रूपमा देखा पर्दछन् । यिनले महासामन्तधिपति, मिथिलेश्वर, राजनारायण, नृपमल्ल आदि

उपाधि लिएका थिए । उपाधिको क्रम हेर्दा पहिला यिनी कुनै राज्यको राजाको महासामन्त रहेका त्यसपछि मिथिला क्षेत्रमा राजा भएका र अनेकन उपाधि लिएको प्रष्ट हुन्छ । आफू राजा हुनेबित्तिकै यिनले आफ्नो ध्यान आफ्नो सानो राज्यको रक्षा र सुरक्षा गर्नेतर्फ केन्द्रित गरे । आफ्नो कुटनीति र युद्ध कौसलतालाई उनले भरपुर प्रयोग गरे । नान्यदेवले राज्य गरेको समयमा भारतको पूर्व वङ्गालतर्फको राजनैतिक स्थिति पनि विथोलिएको थियो । करिब ५० वर्ष यिनले शासन गरेको देखिन्छ । यिनी ज्यादै साहसी राजा थिए । यिनी विद्याको अनुरागी थिए । विद्वानूहरूलाई संरक्षण दिने र पुज्ने कार्य यिनले गरे । कला र संस्कृतिको क्षेत्रमा यिनले आफूलाई समर्पित गरे । नान्यदेवको मृत्युपछि तिरहुतमा क्रमशः गङ्गादेव, नरसिंहदेव, रामसिंहदेव, शक्तिसिंहदेव, भुपालसिंहदेव र हरिहरसिंहदेवले शासन गरेका थिए (उपाध्याय, २०७४ : १२३-२४) ।

हरिसिंहदेव : तीरभुक्त वा तिरहुतका कर्णाटवंशका सातौँ तथा अन्तिम राजा हरिसिंहदेव थिए । यिनको शासनकाल सन् १२८४ (वि.सं. १३४१)-१३२६ (वि.सं. १३८३) सम्म देखिन्छ जगज्ज्योर्ति मल्ल र केशर पुस्तकालयमा रहेको एउटा अभिलेखमा हरिसिंहदेवलाई कर्मसिंहदेवको छोरा भनी उल्लेख गरिएको पाइन्छ । प्रताप मल्लको एउटा अभिलेखनमा यिनको नाम 'हरयुसिंह' परेको छ । प्रताप मल्लकै अर्को अभिलेखमा यिनलाई 'कर्णाटचुडामणि' भनिएको छ । यिनका उपाधिहरू हेर्दा यिनी कर्णाटवंशी भएको र कट्टर हिन्दु राजा भएको प्रष्टिन्छ । आफ्नो शासनको सुरुमा यिनले मिथिलाका ब्राह्मण तथा कायस्थहरूलाई विभिन्न समूह र उपसमूहहरूमा वर्गीकरण गरेर तत्सम्बन्धी नियम र बन्देज समेत बाँधेका थिए । हरिसिंहदेवका ज्ञानेश्वर, चण्डेश्वर, वीरेश्वर र देव द्वितीय जस्ता शक्तिशाली मन्त्रीहरू थिए । हरिसिंहदेवले सिम्रौनगढ बाहेक एउटा अर्को नगर पनि बसाएका थिए, जसको नाम 'हरिसिंहपुर' थियो (क्षेत्री र रायमाझी, २०६० : २१०) ।

हरिसिंहदेवलाई वङ्गालबाट खतरा थियो तसर्थ सुरक्षात्मक दृष्टिकोणले उनी चनाखो भएका थिए । मुसलमानी आक्रमणको जतिखेर पनि उनलाई डर थियो । म्लेच्छ वा मुसलमानहरूबाट यिनी आक्रान्त रहेको देखिन्छ । आफ्नो किल्लाका लागि चक्रव्युहकार गढीको रचना गरिएको थियो । यिनको समय महत्वपूर्ण घटनाक्रमहरूले भरिपूर्ण रहेको देखिन्छ । नेपाल उपत्यकाको आन्तरिक कलहबाट फाइदा उठाई हरिसिंहदेवका डोय फौजले उपत्यकामा आक्रमण गरेर अशान्ति मच्चाउने मौका पाएको थियो । उपत्यकाका शासकहरू आफ्ना विरोधीहरूको दमन गर्नुपर्‍यो कि डोय सेनालाई र शासकलाई बोलाईहाल्ने चलन थियो । यसरी बोलाएपछि आउने डोयहरूले प्रजासँग पैसा उठाउने (दण्डका रूपमा) र दुःख दिने गर्दथे । विक्रमको चौधौँ शताब्दीको सुरुदेखि पन्ध्रौँ शताब्दीको सुरुसम्मको पूरा सय वर्षभित्र नेपाल उपत्यकाले धेरैचोटि बाहिरबाट भएका आक्रमणको सामना गर्नुपर्‍यो । पश्चिमबाट कर्णाली प्रदेशका खस राजाहरू अनेकन आक्रमण यही समयमा भए । बङ्गालका सुलतान समसुद्दीनको भयङ्कर आक्रमण पनि यसै समयमा भएको थियो । यसताका नेपाल उपत्यकामा आक्रमण गरी यहाँका राजकाजमा हात हालिरहने 'डोय' भन्ने एकथरिको उल्लेख गोपालराज वंशावलीमा धेरै ठाउँमा परेको छ (वज्राचार्य, २०२१ : २०) । जस्तो : "सम्वत् २३१ भाद्रपद कृष्ण सप्तमी तवलछेंस तव ⋯ श्रीश्रीनर मलदेव पोहस खण्डन लाक्क डोय यछि म्वोण्डं डयंडा" अर्थात् ने.सं. २३१ (वि.सं. ११६८) भाद्रकृष्ण सप्तमी ⋯ श्रीश्रीनर मल्लदेव पोहले डोयहरूलाई खड्गले काटे यहाँनर मल्लले डोयहरूलाई काटेको उल्लेख छ । यसबाट उपत्यकामा डोयहरू पसेको मात्र थाहा हुन आएको छ । त्यस्तै गरी अर्को लेखमा डोय राजा वि.सं. १३०१ मा रामसिंह उपत्यकामा आफै लड्न आएका तर हारेर फर्किएको प्रसङ्ग पनि पाइन्छ । यसको डेढ वर्षपछि फेरि डोयहरूले नेपाल उपत्यकामा आक्रमण गरेको र फेरि पनि हारेको प्रसङ्ग पनि भेटिएका छन् । डोयहरूले वि.सं. १३५६ मा पनि नेपाल उपत्यकामा आक्रमण गरी दण्डका रूपमा प्रजासँग पैसा उठाएका र उनीहरूको प्रभाव उपत्यकामा जमेको घटनाहरू पनि वंशावलीहरूमा परेको छ । अनन्त मल्ल र जय शक्तिदेवहरूले डोयलाई सघाएको समेत देखिन्छ । वि.सं. १३७६ मा पनि डोयहरूले ललितपुरमा पसेर आफ्नो अधिकार जमाएका थिए । ललितपुरका भारदार प्रजाहरूले डोयहरूको प्रभुत्व खुरुक्क स्वीकार गरेनन् । यसो हुँदा डोयहरूले ललितपुरका सारा पात्रहरूलाई कैद गरे

तथा प्रजाहरूलाई दण्ड गरे । करिब १ वर्षभन्दा बढी समय डोयहरूले यहाँ प्रभुत्व जमाए । परन्तु उनीहरूले लब्धप्रशमन गरी विधिपूर्वक यहाँ शासन कायम गर्न भने सकेका थिएनन् । उनीहरूको त्यस्तो इच्छा पनि नभएको बुझिन्छ । यसै हुँदा डोयहरूले यहाँ देवलहरूमा समेत आगो लगाउने, ध्वस्त पार्ने, देवस्व हरण गर्ने आदि काम गरे (वज्राचार्य, २०२१ : २०-२६) ।

हरिसिंहदेवको विषयमा थुप्रै परिचर्चाहरू प्रामाणिक इतिहासभन्दा अतिरञ्जित गर्ने किसिमले अगाडि आएको देखिन्छन् । हालसम्म प्राप्त भएका सम्पूर्ण ऐतिहासिक स्रोतहरूले हरिसिंहदेवले नेपाल उपत्यका जितेको कुरा ऐतिहासिक ठहरिएको छैन । भगवानलाल इन्द्रजीत, लेभी र मिथिलाका कतिपय इतिहासकारहरूले सिम्रौनगढ ध्वस्त भएपछि हरिसिंहदेवले नेपालमा सरण लिन आएर उपत्यकालाई जितेको कुरा लेखेका छन् । पछि पछिका केही वंशावलीकारहरूले नान्यदेव हरिसिंहदेवहरूले नेपाल उपत्यकामा राज्य कायम गरेका थिए भन्ने कुरा भ्रमवश नै लेखेको देखिन्छ । वि.सं. १३८१ मा दिल्लीका सुलतान गयासुद्दीन तुगलगले वङ्गालको विद्रोह दवाई दिल्ली फर्किंदा तिरहुतको बाटो गरी फर्केका थिए । त्यसबेला सो मुसलमानी सैन्यले सिम्रौनगढमा आक्रमण गर्न लाग्यो भन्ने सम्झी प्रजा उठाई हरिसिंहदेव लड्न तयार भई निस्के । यसैले हरिसिंहदेवको सैन्यसँग गयासुद्दीन तुगलकको सैन्यको लडाईं भयो । लडाईंमा गयासुद्दीनको सैन्यले सिम्रौनगढ ध्वस्त पारिदियो र हरिसिंहदेव त्यताबाट भागे । त्यसपछि केही महिना यताउति लागी हरिसिंहदेव नेपालको पहाडी भागमा पसे । उनको साथमा उनका छोरा, मन्त्री र भारदारहरू पनि थिए । दोलखातिर आउँदा तीनपाटन भन्ने ठाउँमा ने.सं. ४४६ (वि.सं. १३८२) माघ शुक्ल तृतीयाका दिन हरिसिंहदेवको मृत्यु भयो । उनका छोरा र मन्त्री कैद गरिए, राजग्रामका भारदारले उनको सारा सम्पत्ति हात लगाए । यस घटनाको स्पष्ट उल्लेख गोपालराज वंशावलीमा परेको छ (वज्राचार्य, २०२१ : ३०-३१) ।

हरिसिंहदेवको समयमा यिनको तिरहुते सेना नेपाल पसेर फकिएको कुराचाहिँ प्रामाणिक छ । त्यतिखेरका राजग्रामका मज्झिम भारोले उनीहरूको सम्पत्ति लुटेको कुरा वंशावलीमा परेको छ । यो घटनापछि हरिसिंहदेवकी रानी देवलदेवी र जगतसिंहलाई उनीहरूले शरण मात्र गरेको थाहा पाई रुद्रमल्लले काठमाडौं बोलाई उनीहरूलाई शरण दिएको देखिन्छ । हरिसिंहदेवकी पत्नी देवलदेवीले नै आङ्को कुलदेवी तलेजुको कलश भक्तपुर दरबारमा लगी पहिलोपल्ट स्थापित गरेको देखिन्छ ।

सिम्रौनगढको कर्णाटक राज्यको प्रभाव : पूर्वमध्यकालमा तीन शक्तिशाली राजाहरूमध्ये मिथिला प्रदेशको कर्नाटक राज्य १३२७ ईस्वीमा गयासुद्दीन तुगलगको आक्रमणबाट विलकुलै ध्वस्त हुँदा पश्चिम नेपालको खश राज्य पनि अधोगतितर्फ उन्मुख हुँदै थियो । यसैताका आन्तरिक कलहको साथसाथै १३५० ईस्वीमा भएको समसुद्दीनको संहारकारी आक्रमणको कारण वागमती उपत्यका स्थित नेपाल राज्य पनि दयनीय अवस्थाबाट गुज्रिरहेको थियो (खनाल, २०६१ : ८-९) ।

सिम्रौनगढ राज्यको स्थापना पछि नेपालको इतिहासमा अर्को एउटा नयाँ शक्तिको अभ्युदय हुनपुग्यो । नेपाल टुक्रिने र बढ्ने क्रममा अर्को एउटा बलियो राज्य सिम्रौनगढमा खडा हुनु भनेको बाइसी-चौविसी र उपत्यकाका मल्ल राज्यहरूका लागि ठुलो चुनौती थियो । नान्यदेव सत्तासिन भएदेखि नै उत्तर र पूर्व वङ्गालतर्फको राजनैतिक स्थिति समेत विथोलिएको थियो । यसै क्रममा सम्पूर्ण वङ्गालमाथि नान्यदेवले पश्चिम-उत्तरतिरबाट र विजयसेनले दक्षिण-पश्चिमबाट आक्रमण गरेका थिए तर दुर्भाग्यवस नान्यदेव आफ्नो विजय अभियानमा असफल भए (ठाकुर, १९५६ : १५१-५२) । पछिल्लो समय उपत्यकाका धेरैजसो मल्ल राजाहरू र अन्य क्षेत्रका राजाहरूले आफ्नो वंशलाई कर्णाटकवंशी भनेर लेखाउने र भन्ने क्रममा प्रशस्त प्रमाणहरू पाइएबाट कर्णाटकवंशी सिम्रौनगढका शासकहरूको प्रभाव बारे बुझ्न सकिन्छ, जस्तो : जगज्ज्योर्ति मल्लको पालादेखि नेपाल उपत्यकाका तीनै मल्ल राजाहरूले आफूलाई कर्णाटकवंशी भनी लेख्न लगाएको पाइन्छ । खासगरी प्रताप मल्लका अभिलेखहरूमा प्रताप मल्लले आफूलाई कर्णाटकवंशी हरिसिंहदेवको सन्तति मानेको

पाइन्छ (राजवंशी र नेपाल, २०१० : १-३) । पाटनका राजा सिद्धीनरसिंहले आफूलाई कर्णाटवंशी हरिसिंहका सन्तान भनी दावा गरेको पाइन्छ (तिवारी र अन्य, २०१९ : ९) । केही वंशावलीमा स्थिति मल्ललाई पनि सोभै हरिसिंहदेवका वंशज देखाइएको छ। यसरी थोरै विवरणहरू हेर्दा आफूलाई कर्णाटवंशी भनेर चिनाउनमा गौरव गर्नुको पछाडि सिम्रौनगढ राज्यको प्रभाव र वर्चश्व नै रहेको थियो भनी भन्न सकिन्छ।

दक्षिण भारतको कर्णाट देशका चालुक्य वंशका प्रतापी राजा विक्रमादित्यले ई. १०९७ तिर उत्तर भारततिर विजय यात्रा गरेका थिए । सो विजय यात्राका रूपमा आएकाहरूमध्ये एक सेनापति नान्यदेवले सन् १०९७ मा वर्तमान नेपालको पर्सा जिल्लाको वीरगञ्जतिर सिम्रौनगढ (सिमरावनगढ) लाई राजधानी बनाएर सम्पूर्ण मिथिलाको एकीकरण गरी तिरहुत राज्य खडा गरे । यिनको वंशलाई कर्नाट भनिएको छ । कर्नाटवंशको अधिनमा मिथिला राज्यले चातुर्दिक विकासको मौका पायो । यसैले समग्र मिथिलाको इतिहासमा यस युगलाई स्वर्णयुग मानिन्छ (रेग्मी, २०४१ : ५२) ।

भारतमा गुप्त शासकहरूले शासन गर्दा आफ्नो साम्राज्यलाई विभिन्न ‘भुक्ति’ हरू (प्रशासनिक इलाका वा इकाई) मा विभाजित गरेका थिए। जसमध्ये ‘तीरभुक्ति’ पनि एक थियो जसको अर्थ ‘नदी किनाराको देश’ भनी गरिएको पाइन्छ। वास्तवमा नै नान्यदेव ज्यादै महत्वाकाङ्क्षी र विजिगीषु थिए । किनभने यिनको समयमा तिरहुते राज्यको सैनिक शक्तिको विकास चरम विन्दुमा पुगेको थियो भन्ने कुरा पटक पटक काठमाडौं उपत्यकामाथि सैनिक हस्तक्षेप र मुस्लिम शक्तिसँगको उनको पौंठा जोर्ने हिम्मतबाट अनुमान गर्न सकिन्छ (चालिसे, २०४८ : ६३९) ।

गोपाल वंशावलीअनुसार नान्यदेवको समयमा पनि दुईपटक सैनिक हस्तक्षेप भएको थियो । १३०० ई. मा भएको यो हस्तक्षेप उपत्यकामा देवनामधारी र मल्लनामधारी बिच भएको टकरावको कारण राज्य शक्ति प्राप्तिका लागि एक पक्षले खस मल्ल राज्य र अर्को पक्षले तिरहुत राज्यलाई बोलाउने क्रमको सूत्रपात गरेपछि पटक पटक कर्णाटक शक्ति उपत्यकामा आउने क्रमको सुरुवात हुनपुग्यो । आआफ्नो दवदवा बढाउन तिरहुतेहरूलाई बोलाउने चलन चलेपछि उपत्यकामाथि तिरहुत राज्यको प्रभाव बढ्न पुग्यो । हरिसिंहदेवका मन्त्री चण्डेश्वर दलबलकासाथ काठमाडौं उपत्यकामा फुर्तिसाथ पसे । त्यसबेला यहाँको राजधानी भक्तपुरमा थियो । तिरहुते सेनाले भक्तपुरको राजथलो त्रिपुर र आसपासका क्षेत्रमा कब्जा जमाएपछि केन्द्रका शासकहरू गले । तिनले घरपिच्छे, रोपनिपिच्छे केही द्रम्भका दरले पैसा उठाई चण्डेश्वरलाई बुझाई दिएपछि तिरहुते सैन्य फर्कियो । यसपछि हरिसिंहदेवको पालामा ई.सं. १३११-१२ मा फेरि तिरहुते शक्तिले धावा बोल्यो । तिरहुते सेनाले उपत्यकालाई अखडा बनाएर उत्पात मच्चाउँदा उपत्यकाको राजनैतिक अवस्था बिग्रियो । जयशक्तिदेव, अनन्तमल्ल, आनन्ददेव, शक्तिदेव आदिको समयमा पटक पटक तिरहुतेहरू उपत्यका पसे । शक्तिदेवले तिरहुतसँग गुहार मागेपछि हरिसिंहदेवका मन्त्री चण्डेश्वर मनिगल (ललितपुर) मा बसे । यसपल्ट कर्नाटकहरूको आक्रमण भयङ्कर भयो । ललितपुरका स्थानीय शासक पात्रहरू कैद गरिए। अनेक किल्लाहरू ध्वस्त गरिए। यस आक्रमणमा भएको खर्चको क्षतिपूर्तिका रूपमा यिनीहरूले यहाँका प्रजासँग दण्ड उठाए। जयशक्तिदेवको सहयोगको लागि एक वर्षभन्दा बढी समयसम्म तिरहुत सैन्य उपत्यकामा बसे तर बराबर प्रतिपक्षी आनन्ददेवसँगको मुढभेडको सामना गरिरहनु परेकोले यिनीहरूलाई टिक्न गाह्रो भयो र लाचार भई फर्कने बेलामा ठुलो उत्पात मच्चाए, ठाउँठाउँमा आगो लगाए, पशुपतिनाथको ढुकुटी पनि लुटे । उता हरिसिंहदेवले यति घटनाको आधारमा “समस्त नेपाल राजकृतम् (नेपालका सारा राजालाई जिते)” भनी स्वबखान (नाक फुलाउने काम) गर्न पछि परेनन् (चालिसे, २०४८ : ६४०-४१) । हुँदोखाँदोको बलियो तिरहुत राज्य आकस्मिक रूपले पतन हुनुमा हरिसिंहदेव नै जिम्मेवार देखिन्छन् किनभने उनले गयासुद्दीन तुगलकको गतिविधि र उद्देश्यलाई राम्ररी बुझ्न सकेनन् र दोस्रो कुरा दिल्लीका वादशाहको शक्तिको पनि ठीक अन्दाज नगरी आफै जोरी खोज्न पुगे र अन्ततः उनी, उनको वंश र राजथलो सबैको अन्त तथा पतन भयो ।

यसप्रकार सिम्रौनगढको भगौडा राजघरानाको अन्तिम शासक भक्तपुर दरबारमा रुद्रमल्लको सरणमा आएपछि सरणको मरण नगर्ने नेपाल दरबारको हिन्दु प्रचलनअनुसार सरण दिइयो । यिनै देवलदेवीले आफूसँग लिएर आएको कलशलाई भक्तपुर दरबारमा पहिलोपल्ट स्थापित गरिन् । पछि नेपालका सबै मल्ल शासकहरू तलेजुका उपासक भए । तलेजुलाई पछिसम्म 'डोयमाजु' भन्ने गरेको पाइन्छ । यसैगरी हरिसिंहका छोरा जगतसिंहले राजकुमारी नायकदेवीसँग विवाह गरे । जसबाट राजल्लदेवीको जन्म भयो, जसको पतिको हैसियतले जयस्थिति मल्लले नयाँ मल्ल वंशको शासन नेपालमा सुरु गरे (क्षेत्री र रायमाझी, २०६० : २१४) ।

पूर्वमध्यकालमा यो राज्यले शिक्षा र साहित्यको क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेको थियो । आर्य सभ्यताको केन्द्रस्थल पनि यो राज्य बन्न सक्यो । विविध धार्मिक विषयहरूले प्रश्रय पाए, अर्थात् विभिन्न शास्त्रहरू वेदान्त, न्याय मिमांसा, सांख्य पद्धति, पूर्व मिमांशा आदिले विकास हुने मौका प्राप्त गरे । सिम्रौनगढमा विभिन्न राज्यका विद्यार्थीहरू समेत आएर अध्ययन गर्दथे । भारत वर्षमा धैरै राज्यहरू मुसलमानी आक्रमणको चपेटामा परे । यस्तो अवस्थामा नालन्दा तथा विक्रमशिलबाट आउने विभिन्न विद्वान्हरूका निमित्त कर्णाटकवंशी राजाहरूले सिम्रौनगढमा जग्गा समेत उपलब्ध गराएका थिए (सिंहा, १९७९ : २१५) ।

यहाँका शासकहरूले ज्ञानको विशिष्ट रूपले प्रचारप्रसार गऱ्यो । कला, मूर्तिकला, र स्थापत्यकलाको क्षेत्रमा पनि कर्णाटकहरूको विशेष योगदान रऱ्यो । समष्टिगत रूपमा हिन्दु धर्म र संस्कृतिको जगेर्ना, संरक्षण र विस्तारमा कर्णाट शासकहरूको ठुलो योगदान रहेको पाइन्छ । कर्णाटवंशी तिरहुतेहरूले दिल्लीका सुल्तान जस्तो अर्थात् गयासुद्दीन तुगलग जस्तो बलियो शक्तिसँग जुन बहादुरी देखाएर लड्ने सामर्थ्य र साहास देखायो । यसबाट यो कर्णाटवंशी डोय राज्य कति बलियो रहेछ र यसका राजा हरिसिंहदेव समेत कति धैरै शक्तिशाली रहेछन् भन्ने अनुमान गर्न सकिन्छ । वास्तवमा किन यो शक्तिले उपत्यकाको मल्ल राज्यलाई चाहिँ स्थायी रूपले जित्ने कार्य गरेन यो चाहिँ अनुसन्धानको विषय भएको छ ।

## निष्कर्ष

सिम्रौनगढको कर्णाटक राज्यलाई हेर्दा करिब २२९-३० वर्षको इतिहास मात्रै यसले बोकेको देखिन्छ । उपत्यकाको दक्षिणी भूभागमा फैलिएको यो स्वतन्त्र राज्यले निक्कै ठुलो प्रभाव फैलाउन सफल भएको देखिन्छ । कमजोर मल्ल राज्य (उपत्यका) का लागि यो सिम्रौनगढ राज्यको उपस्थितिले ठुलो प्रभाव पारेको देखिन्छ । मल्ल राज्यका राजाहरू सदैव फोहोरी राजनीतिमा एकले अर्कालाई सिध्याउने योजना र दाउमा मात्र लागि रहे । उता बाइसी र चौविसी राज्यहरूको अस्तित्व नेपालमा अभ्युदय भइरहेको सन्दर्भमा ई.सं. १०९७-१३२६ सम्म सिम्रौनगढ राज्यको उदय हुनु र यसपछि खस मल्ल राज्य समेत कर्णाली प्रदेशमा निर्माण भएबाट शक्ति सन्तुलन नेपालमण्डलभित्र खलबलिनु स्वभाविक नै थियो । दक्षिण भारतको कर्णाटक क्षेत्रबाट आएका नान्यदेवले नै स्वतन्त्र सिम्रौनगढ राज्यको स्थापना गरेका थिए । कर्णाटवंशीहरूको राजधानीका रूपमा नै सिम्रौनगढ रहेको देखिन्छ । चालुक्यवंशीय सोमेश्वर र उनका छोरा विक्रमादित्यले नै नान्यदेवलाई सिम्रौनगढ क्षेत्र सुम्पिएकोमा उनले बिस्तारै राज्य नै स्वतन्त्र रूपमा खडा गरेको देखिन्छ । तिरहुत, डोय, कर्णाटक वा सिम्रौनगढ जे राज्य भने पनि एउटै रहेको देखिन्छ । वर्तमान मिथिला क्षेत्रमा यो राज्य पर्दछ । यो राज्यलाई जहिले पनि वङ्गालबाट खतरा थियो । मुसलमानहरू बरोबर दुःख दिइ नै रहन्थे । तसर्थ चारैतिरको आक्रमणबाट सुरक्षित हुनका लागि यो सिम्रौनगढ बनाइएको थियो । सुरक्षात्मक हिसाबले चक्र आकारको यो गढी सिमराको वनक्षेत्रमा बनाइएको थियो ।

यसै डोय राज्यले उपत्यकाको राज्य सञ्चालनमा पटक पटक निम्तो आएपछि सैन्य हस्तक्षेप गरेको देखिन्छ । नान्यदेव आफैं उपत्यकामा प्रवेश नगरे पनि हरिसिंहदेवचाहिँ पटक पटक उपत्यकामा प्रवेश गरेको र सेनाहरू पठाएर उपत्यकामा स्थायी दुःख र प्रताडना दिएको प्रसङ्गमाथि वर्णन गरिसकिएको छ । जेहोस् सिम्रौनगढ राज्यको स्थापनापछि नेपालको

इतिहासमा अर्को एउटा नयाँ शक्तिको अभ्युदय हुनपुग्यो । नेपाल टुक्रिने र बढ्ने क्रममा अर्को एउटा बलियो राज्य सिम्रौनगढमा खडा हुनु भनेको बाइसी, चौविसी र उपत्यकाका मल्ल राज्यहरूका लागि ठुलो चुनौती थियो । नान्यदेवले वङ्गालमाथि पनि आक्रमण गरेका थिए । वास्तवमा नै तिरहुत राज्य ज्यादै बलियो अवस्थितिमा थियो र यसले नेपालको इतिहासमा ठुलो हलचल पैदा गराइरहेको थियो । उपत्यकाले आफ्नो दवदवा बढाउन जहिले पनि कर्णाटकवंशीय तिरहुत राज्यको पटक पटक प्रयोग गरिरहेको देखिन्छ । धेरै पटक उपत्यकावासीलाई लुट्ने, ठाउँ-ठाउँमा आगो लगाउने, पशुपतिनाथको ढुकुटीसमेत लुट्ने अस्थायी कार्यहरू गरिरहे । हुँदोखाँदोको अवस्थामा रहेको तिरहुत राज्य हरिसिंहदेवको अदुरदर्शिताको कारण एकैचोटिमा गल्र्यामगुर्लुम ढल्न पुग्यो । यो इतिहासको दुर्भाग्यपूर्ण घटना थियो । तैपनि सरण लिन उपत्यकामा आउने अवस्था नभएकोले पहाडी भूभाग सिन्धुली र दोलखातर्फ बसिरहेकोमा पक्रेर उनकी श्रीमती, छोरा र मन्त्रीहरूलाई कैदमा सरण मागेकोले सम्मानजनक रूपमा राखियो । रुद्रमल्लको देहान्त पछि बिस्तारै देवलदेवीको सक्रियता बढ्यो र अन्ततः जयप्रकाशमल्लको डोला भिकाएर राजल्लदेवीसँग विवाह गराई दिएर उपत्यकाको मल्ल राज्यको वागडोर समेत सिम्रौनगढकै माहारानीको हातबाट अन्ततः सुम्पिने अवस्था आयो, जुन नेपालको इतिहासको अभुतपूर्व घटना थियो । यसप्रकार कर्णाटकवंशी तिरहुते सिम्रौनगढ राज्य ज्यादै प्रभावशाली शक्तिपुञ्जका रूपमा नेपालमण्डलसम्म आइपुगेको देखिन्छ ।

## सन्दर्भ सामग्री


उपाध्याय, श्रीरामप्रसाद (२०७४). *नेपालको प्राचीन र मध्यकालीन इतिहास.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

खनाल, मोहनप्रसाद (२०५६). *सिम्रौनगढको इतिहास.* काठमाडौं : ने.ए.अ. केन्द्र, त्रि.वि. ।

चालिसे, पुष्पराज (२०४८). *नेपालको पूरानो इतिहास र सभ्यता.* काठमाडौं : रत्न पुस्तक भण्डार ।

ठाकुर, उपेन्द्र (१९५६). *हिष्ट्री अफ मिथिला.* दरभङ्गा : मिथिला इन्सिच्युट ।

तिवारी, रामजी र अन्य (२०१९). *अभिलेख संग्रह भाग-१.* काठमाडौं : संशोधन मण्डल ।

पेटेक, लुसियानो (१९८४). *मिडियभल हिष्ट्री अफ नेपाल.* दोस्रो संस्करण, रोम ।

राजवंशी, शंकरमान र नेपाल, ज्ञानमणि (२०१०). "काष्ठमण्डपे प्रताममल्लश्य शिलालेख." *संस्कृत सन्देश.* काठमाडौं : पृ. १-३ ।

रेग्मी, दिनेशचन्द्र (२०४१). "जनकपुर परम्परा र इतिहास." *मधुपर्क,* अङ्क १२, पृ. ५२ ।

वज्राचार्य, धनवज्र (२०२१). "डोयहरू को हुन् ?. *पूर्णिमा.* वर्ष १, अङ्क ४, काठमाडौं : संशोधन मण्डल ।

वज्राचार्य, धनवज्र र मल्ल, कमलप्रकाश (१९८५). *गोपालराज वंशावली.* काठमाडौं : नेपाल रिसर्च सेन्टर ।

सूचना तथा प्रसारण विभाग (२०७६). *नेपाल परिचय.* काठमाडौं : सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना तथा प्रसारण विभाग ।

शर्मा, आर.पी. (१९५६). *मिथिलाका इतिहास.* दरभङ्गा ।

क्षेत्री, गणेश र रायमाझी, रामचन्द्र (२०६०). *नेपालको इतिहास.* काठमाडौं : एशियाल पब्लिकेसन्स ।

त्रिपाठी, चन्द्रप्रसाद (२०५४). *तिरहुत राज्थ्य र राजधानी सिम्रौनगढ,* राष्ट्रिय सेमिनारमा प्रस्तुत कार्यपत्र